# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक








❐ वर्ष : २५ ❐ अंक : २७४ ❐ बिहीवार, ३२ असार, २०८३ ❐ Thursday, 16 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०


## कांग्रेस–एमाले गठवन्धन संकटमा

# प्रदेशमा सुरू भयो सत्ताका लागि लुछाचुडी

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ३१ असार

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रदेश तहमा नेकपा एमालेसँगको सहकार्य अन्त्य गर्ने निर्णय गरेसँगै कर्णाली प्रदेशको सत्ता राजनीतिले नयाँ मोड लिएको छ। केन्द्रको पछिल्लो निर्णयसँगै कर्णाली र सुदूरपश्चिम प्रदेशमा सत्ता परिवर्तनको प्रक्रिया औपचारिक रूपमा अघि बढेको छ भने अन्य प्रदेशमा पनि नयाँ राजनीतिक समीकरण निर्माणको चर्चा तीव्र बनेको छ। यससँगै आगामी दिनमा सातै प्रदेशमा कुन दलको नेतृत्वमा सरकार बन्ने भन्ने विषय राष्ट्रिय राजनीतिको केन्द्रमा पुगेको छ।

कर्णालीमा मुख्यमन्त्री यामलाल कँडेल नेतृत्वको सरकारमा सहभागी नेपाली कांग्रेसका चार मन्त्रीले बुधबार सामूहिक रूपमा राजीनामा दिएका थिए। सामाजिक विकासमन्त्री घनश्याम भण्डारी, आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाह, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री सुरेश अधिकारी तथा जलस्रोत तथा ऊर्जा विकासमन्त्री विजया बुढाले पदबाट राजीनामा दिएका हुन्। उनीहरूले सरकारलाई दिएको समर्थन तत्काल फिर्ता नगरी राजीनामा दिएका भए पनि कांग्रेसको पछिल्लो निर्णयसँगै एमाले-कांग्रेस सहकार्य औपचारिक रूपमा समाप्त भएको छ। यद्यपि सरकाललाई दिएको समर्थन भने कांग्रेसले जारी नै राखेको छ।

प्रदेश सरकारको समीकरण परिवर्तनको संकेत सबैभन्दा पहिले सुदूरपश्चिम प्रदेशमा देखिएको थियो। कांग्रेस नेतृत्वको सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटप्रति सत्ता

बाँकी पृष्ठ २





### कर्णालीमा सरकारको नेतृत्व अब कांग्रेसलाई ?

२०८१ असारमा एमाले र कांग्रेसबीच भएको सहमतिअनुसार प्रदेश सरकारको नेतृत्व आलोपालो गर्ने समझदारी भएको थियो। सोही सहमतिअनुसार कर्णालीमा एमालेका यामलाल कँडेल मुख्यमन्त्री बनेका थिए। अहिले उक्त सहमतिअनुसार सरकारको नेतृत्व कांग्रेसलाई हस्तान्तरण हुनुपर्ने चर्चा कांग्रेसभित्र बलियो बनेको छ। यससँगै कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री जीवनबहादुर शाही पुनः मुख्यमन्त्री बन्ने सम्भावना बढेको छ। यद्यपि कांग्रेसले औपचारिक रूपमा संसदीय दलको बैठक बसेर सरकारको नेतृत्व, नयाँ मन्त्री चयन वा भावी रणनीतिबारे निर्णय गरिसकेको छैन। दलभित्र सरकारको नेतृत्व आफैंले गर्ने वा नयाँ सत्ता समीकरण बनाउने विषयमा निरन्तर छलफल भइरहेको बताइएको छ।

### अब सातै प्रदेशमा कसको नेतृत्व ?

कांग्रेसले एमालेसँगको गठबन्धन अन्त्य गरेसँगै अब सातै प्रदेशमा सरकारको नेतृत्व कसले गर्ने भन्ने विषय राष्ट्रिय बहस बनेको छ।

कर्णाली, सुदूरपश्चिम, लुम्बिनी, बागमती, गण्डकी, कोशी र मधेश प्रदेशमा नयाँ सत्ता समीकरण बन्ने सम्भावनाबारे राजनीतिक दलहरूबीच आन्तरिक छलफल तीव्र भएको छ। कहीं कांग्रेस आफ्नै नेतृत्वमा सरकार बनाउने तयारीमा छ भने कतै नेकपासँगको सहकार्यको सम्भावना हेरिएको छ। एमालेले पनि नयाँ राजनीतिक विकल्पबारे छलफल सुरु गरेको छ।

केन्द्रमा विकसित हुने समीकरणले प्रदेश सरकारहरूको स्वरूपसमेत निर्धारण गर्ने भएकाले सबै प्रदेशको राजनीति अहिले केन्द्रको निर्णयतर्फ केन्द्रित भएको छ।

### एमाले अझै संवादकै पक्षमा

कांग्रेसले गठबन्धन अन्त्य गर्ने निर्णय गरेपछि एमालेले भने संवादको सम्भावना कायमै रहेको जनाएको छ।

एमाले प्रचार विभाग प्रमुख निरज आचार्यले कांग्रेससँग थप छलफल आवश्यक रहेको बताएका छन्।

एमालेका नेताहरूले अहिलेको अवस्थालाई अन्तिम निष्कर्षका रूपमा नहेर्न आग्रह गर्दै राजनीतिक संवाद जारी रहने बताएका छन्।

यसअघि एमाले कर्णाली संसदीय दलका प्रमुख सचेतक टेकराज पछाईले कांग्रेसका मन्त्रीहरूको राजीनामालाई मात्रै सत्ता परिवर्तनको संकेतका रूपमा नबुझ्न आग्रह गरेका थिए।

तर कांग्रेसको पछिल्लो निर्णयसँगै प्रदेशको राजनीतिक अवस्था नयाँ चरणमा प्रवेश गरेको छ।

### राजीनामापछि पनि मन्त्रिपरिषद्का महत्त्वपूर्ण निर्णय

कर्णालीमा कांग्रेसका चार मन्त्रीले सामूहिक दिएको राजिनामा स्वीकृत भएको छ। बुधबार बिहान ९ बजेका लागि मुख्यमन्त्री यामलाल कँडेलले मन्त्रिपरिषद् बैठक बोलाएका थिए।

तर कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीको सुझावअनुसार मन्त्रीहरूले बैठकमा सहभागी नभई बिहान करिब ८:१५ बजे नै मुख्यमन्त्रीसमक्ष राजीनामापत्र बुझाएका थिए।

सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले मन्त्रिपरिषद्ले दीर्घकालीन प्रभाव पार्ने निर्णय गर्ने भएकाले त्यसको साक्षी नबस्ने उद्देश्यले बैठकअघि नै राजीनामा दिएको बताए।

कांग्रेसका मन्त्रीहरू बाहिरिएपछि बसेको मन्त्रिपरिषद् बैठकमा मुख्यमन्त्री कँडेल र भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाह मात्र सहभागी भएका थिए।

बैठकले प्रदेश अनुगमन तथा मूल्यांकन विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने, व्यवस्थापन परीक्षण निर्देशिका-२०८३ स्वीकृत गर्ने तथा प्रदेश सरकारअन्तर्गतका केही निर्देशनालयको पुनर्संरचना गर्ने निर्णय गरेको छ।

त्यसैगरी, केही तालिम केन्द्र खारेज गरी तिनका कार्य कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमार्फत सञ्चालन गर्ने, प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको जिम्मेवारी प्रदेश सचिव लक्ष्मीकुमार विकलाई थप जिम्मेवारी सहित दिने निर्णय पनि गरिएको छ।

मन्त्रिपरिषद्ले कर्णाली प्रदेश बिउबीजन नियमावली, २०८३ र सडक मर्मतसम्भार निर्देशिका, २०८३ समेत स्वीकृत गरेको सरकारका प्रवक्ता तथा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिएका छन्।

### नेकपासँग सहकार्यको सम्भावना कति ?

कर्णाली प्रदेशसभामा कांग्रेस सबैभन्दा ठूलो दल भएकाले सरकार गठनमा उसको भूमिका निर्णायक रहने देखिएको छ। कांग्रेसले आफ्नै नेतृत्वमा सरकार बनाउने, नेकपा लगायतका दलसँग नयाँ समीकरण निर्माण गर्ने वा केन्द्रको निर्णयअनुसार नयाँ राजनीतिक सहकार्य अघि बढाउने विषयमा विभिन्न तहमा छलफल भइरहेको छ।

राजनीतिक वृत्तमा कांग्रेस र नेकपाबीच सहकार्य गरी नयाँ सरकार बन्न सक्ने सम्भावनाबारे पनि चर्चा सुरु भएको छ। यद्यपि यसबारे दुवै दलले औपचारिक धारणा सार्वजनिक गरेका छैनन्।

## प्रतिनिधिसभा बैठक १५ दिन स्थगित हुने



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ३१ असार

प्रतिनिधिसभाको जारी बैठक १५ दिन स्थगित हुने भएको छ। बुधवारको बैठकमा नै सभामुख डोलप्रसाद (डीपी) अर्यालले बैठक १५ दिनका लागि स्थगित गरिएको घोषणा गर्नेछन्।

प्रतिनिधिसभा कार्यव्यवस्था परामर्श समितिको बैठकमा जारी बैठक १५ दिन स्थगित गर्ने निर्णय भएको हो।

अब प्रतिनिधिसभाको अर्को बैठक साउन १४ गते बस्ने छ।

प्रतिनिधिसभाको बैठक निरन्तर चलिरहँदा सांसादहरुले आफ्नो निर्वाचन क्षेत्रमा जान नपाएको गुनासो गरिरहेका छन्। स्थानीय मतदाता र कार्यकर्ताले पनि सांसदहरु गाउँ नफर्किएको गुनासो गरिरहेका छन्।

परामर्श समितिको बैठकमा श्रम संस्कृति पार्टीका नेताहरुले अझ बढी समय संसद् बैठक स्थगित गर्न माग गरेका थिए।

## उच्चपदस्थको सम्पत्ति छानबिन नगर्न सर्वोच्चको अन्तरिम आदेश

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ३१ असार

सम्पत्ति छानबिन आयोगलाई पूर्ण इजलासबाट रिटको टुंगो नलागेसम्म कसैलाई पनि सम्पत्ति विवरण माग नगर्न र जाँचबुझको काम अगाडि नबढाउन सर्वोच्च अदालतले आदेश दिएको छ।आयोगले सोमबार पूर्वन्यायाधीश र पूर्वसैनिक अधिकारीहरूको मात्रै सम्पत्ति छानबिन रोक्ने र अन्यको जारी रहने सूचना जारी गरेको थियो। त्यसविरुद्ध परेको रिटमा बुधबार न्यायाधीश नृपध्वज निरौलाको इजलासले सबैको छानबिन रोक्न अन्तरिम आदेश दिएको हो। अधिवक्ता मनीराम उपाध्यायले सबैको छानबिन रोक्न आदेश माग गर्दै रिट दायर गरेका थिए। यसअघि शुक्रबार सर्वोच्च अदालतले कसैलाई पनि सम्पत्ति विवरण संकलन गर्न बाध्य नपार्न र जाँचबुझ अगाडि नबढाउन आदेश दिँदै पूर्ण इजलासमा पठाउन आदेश दिएको थियो। सरकारले गत वैशाख २ गते सार्वजनिक जिम्मेवारीका पदमा रहेका राजनीतिक पदाधिकारी तथा उच्च पदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण संकलन र छानबिन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि सम्पत्ति छानबिन आयोग गठन गरेको छ। तर आयोग गठन र यसको कामकारबाहीमा संवैधानिक तथा कानुनी प्रश्न उठाउँदा अधिवक्ता डा.प्रेमराज सिलवालले रिट दायर गरेका थिए।

उक्त रिटमा शुक्रबार न्यायाधीशद्वय टेकप्रसाद ढुंगाना र श्रीकान्त पौडेलको संयुक्त इजलासले रिटको अन्तिम टुंगो नलागेसम्म कसैलाई पनि सम्पत्ति विवरण बुझाउन बाध्य नपार्न र विवरण बुझाइसकेको भए पनि छानबिन अगाडि नबढाउन अन्तरिम आदेश दिएको थियो।

## सवारी नवीकरण गर्दा अबदेखि चालक र सहचालकको कर कट्टी प्रमाण अनिवार्य




❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ३१ असार

सरकारले सार्वजनिक यातायात तथा ढुवानीका साधनमा कार्यरत चालक, सहचालक र सहयोगीहरूको पारिश्रमिकबाट अनिवार्य रूपमा कर कट्टी गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने भएको छ।

आन्तरिक राजस्व विभागले यातायात व्यवस्था विभागलाई पत्राचार गर्दै अबदेखि सवारी साधनको दर्ता वा नवीकरण गर्दा त्यस्ता साधनमा कार्यरत कर्मचारीहरूको पारिश्रमिक विवरण र कर कट्टी गरी दाखिला गरेको प्रमाण अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था मिलाउन अनुरोध गरेको छ।

विभागले आयकर ऐन, २०५८ को

बाँकी पृष्ठ २

सम्पादकीय

# स्थायी समाधानका लागि ठोस योजना बनाऊ

२०७५ सालमा डोल्पा राष्ट्रिय सडक सञ्जालमा जोडिँदा स्थानीयमा ठूलो आशा जागेको थियो । दुर्गम जिल्लाले अब सहज यातायात सुविधा पाउने विश्वास गरिएको थियो । तर सात वर्ष बितिसक्दा पनि वर्षायाममा डोल्पालीले सास्ती भोग्ने नियति फेरिएको छैन । हिउँदमा सिधा यात्रा सम्भव भए पनि बर्खामा चार-पाँच पटकसम्म सवारी परिवर्तन गर्नुपर्ने अवस्था आफैंमा राज्यको पूर्वाधार व्यवस्थापनमाथिको प्रश्न हो । भेरी करिडोर कार्यालयले खोलाहरूमा ह्युम पाइप राखिएको दाबी गरे पनि ती संरचनाले बाढीको बहाव थेग्न नसक्नुले योजना निर्माणमै कमजोरी रहेको संकेत गर्छ । प्रत्येक वर्ष उही स्थानमा सडक अवरुद्ध हुने तथ्य सबैलाई थाहा हुँदाहुँदै पनि दीर्घकालीन समाधानतर्फ ध्यान नदिनु सामान्य लापरबाही होइन । अस्थायी संरचनामा सीमित भएर जनतालाई जोखिमपूर्ण यात्रा गर्न बाध्य पार्नु जिम्मेवार निकायको असफलता हो ।

अर्कोतर्फ सडक अवरुद्ध भएको मौकामा केही यातायात व्यवसायीले चर्को भाडा असुल्नु, यात्रुलाई बीच बाटोमै अलपत्र छोड्नु र सेवामा गैरजिम्मेवार व्यवहार देखाउनु झन् दुःखद पक्ष हो । विपत्तिलाई व्यापारको अवसर बनाउने यस्तो प्रवृत्तिमाथि प्रभावकारी नियमन हुन नसक्नु पनि राज्यकै कमजोरी हो । जनतालाई सेवा दिन अनुमति लिएका व्यवसायीले नागरिकलाई थप दुःख दिने अधिकार कसैले दिएको छैन । सडक स्तरोन्नतिको अवस्था पनि निराशाजनक छ । करोडौं रूपैयाँका ठेक्का लिएर निर्माण कम्पनीहरूले न्यून प्रगति गर्नु, पटक-पटक ताकेता हुँदा पनि काममा सुधार नआउनु र आयोजना अलपत्र पर्नु हाम्रो विकास निर्माण प्रणालीको पुरानै रोग हो । समयमै ठेक्का रद्द गर्ने, क्षतिपूर्ति असुल्ने र जिम्मेवार कम्पनीलाई कानुनी दायरामा ल्याउने दृढता राज्यले देखाउन सकेको छैन । यही कारण विकासका योजना कागजमै सीमित हुने र नागरिकले दुःख मात्र पाउने अवस्था दोहोरिइरहेको छ ।

भेरी करिडोर एउटा सामान्य सडक होइन, डोल्पाको आर्थिक, सामाजिक र मानवीय जीवनसँग प्रत्यक्ष जोडिएको पूर्वाधार हो । यसको अवरोधले औषधि, खाद्यान्न, शिक्षा, स्वास्थ्य र आपत्कालीन सेवासम्म प्रभावित हुन्छ । त्यसैले यसको समाधान पनि सामान्य मर्मत वा अस्थायी संरचनाबाट सम्भव छैन । बाढी र पहिरोको जोखिमलाई ध्यानमा राखेर स्थायी पुल, सुरक्षित ड्रेनेज प्रणाली, आधुनिक प्रविधिको प्रयोग तथा नियमित मर्मत व्यवस्थापन आवश्यक छ । अब सम्बन्धित निकायले प्रत्येक वर्ष उही समस्या दोहोरिएको हेरेर बस्ने होइन, स्थायी समाधानका लागि ठोस योजना र कडा कार्यान्वयन गर्नुपर्छ । विकासको नाममा सडक मात्रै खन्नु पर्याप्त हुँदैन; त्यो सडक वर्षभरि सुरक्षित र सञ्चालनयोग्य बनाउन सक्नु नै वास्तविक विकास हो । अन्यथा, डोल्पालीका लागि भेरी करिडोर जीवनरेखा होइन, वर्षेनी पीडा र जोखिमको अर्को पर्याय बनिरहनेछ ।

# के नागरिकले प्रहरीलाई रेकर्ड गर्न पाउने अधिकार छ ?



✍ विवेक चौधरी

नेपालमा आज पनि बारम्बार उठ्ने र विवादको विषय बन्ने प्रश्न यही हो । कुनै सार्वजनिक स्थानमा प्रहरीले आफ्नो कर्तव्य वा कामकारबाही गरिरहेको वा निर्वाह गरिरहेको अवस्थामा नागरिकले त्यसको भिडियो वा अडियो रेकर्ड गर्न खोज्दा प्रायः प्रहरीबाट 'रेकर्ड नगर्नुहोस्', 'मोबाइल बन्द गर्नुहोस्' वा कतिपय अवस्थामा मोबाइल खोस्ने वा रेकर्ड मेटाउने प्रयाससमेत हुने गरेका घटनाहरू सार्वजनिक भइरहेका छन् ।

यस्ता घटनाले एउटा गम्भीर कानुनी प्रश्न उठाउँछ– के वास्तवमै नागरिकलाई प्रहरीको सार्वजनिक कार्य रेकर्ड गर्ने अधिकार छ ? यदि छ भने त्यसको कानुनी आधार के हो ? र यदि प्रहरी आफैँले यस्तो रेकर्डिङ रोक्ने वा प्रमाण नष्ट गर्ने प्रयास गर्छ भने त्यसका कानुनी परिणाम के हुन्छन् ? यस विषयमा नेपाली समाजमा अझै पनि व्यापक अन्योल देखिन्छ । एकातिर नागरिकहरू आफ्नो संवैधानिक अधिकार प्रयोग गर्न हिचकिचाउँछन् भने अर्कोतर्फ केही प्रहरी कर्मचारीहरूले कानुनले नदिएको अधिकार प्रयोग गरी नागरिकलाई रेकर्ड गर्नबाट रोक्ने, डर देखाउने वा रेकर्ड गरिएको सामग्री कब्जा गर्ने प्रयास गर्ने गरेका उदाहरणहरू भेटिन्छन् ।

यस्तो अवस्थामा कानुनले के भन्छ भन्ने कुरा स्पष्ट रूपमा बुझ्नु अत्यन्त आवश्यक छ । प्रहरी सार्वजनिक पद धारण गरेको राज्यको निकाय हो भन्ने विषयमा विवाद हुन सक्दैन । उसले सार्वजनिक स्थानमा सार्वजनिक अधिकारको प्रयोग गर्दै गरेको कामकारबाही लोकतान्त्रिक शासन प्रणालीमा सार्वजनिक उत्तरदायित्व र पारदर्शिताको विषय पनि हो । त्यसैले प्रहरीको सार्वजनिक कार्यलाई नागरिकले अभिलेखीकरण वा रेकर्ड गर्नु केवल प्रविधिको प्रयोग मात्र होइन; यो अभिव्यक्ति स्वतन्त्रता, सूचनाको अधिकार, प्रमाण सङ्कलन गर्ने अधिकार, सुशासन तथा सार्वजनिक जवाफदेहितासँग प्रत्यक्ष रूपमा सम्बन्धित संवैधानिक र कानुनी प्रश्न हो ।

यस लेखमा नेपालको संविधान, प्रचलित कानुन, सर्वोच्च अदालतबाट प्रतिपादित आधारभूत सिद्धान्तहरूको प्रकाशमा नागरिकलाई प्रहरीको सार्वजनिक कार्य रेकर्ड गर्ने अधिकार छ वा छैन भन्ने प्रश्नको विश्लेषण गरिएको छ । साथै, यदि कुनै प्रहरीले नागरिकलाई रेकर्ड गर्नबाट गैरकानुनी रूपमा रोके, मोबाइल खोस्ने, रेकर्ड मेटाउने, प्रमाण नष्ट गर्ने वा नागरिकमाथि अनावश्यक दबाब सिर्जना गर्ने कार्य गर्छ भने त्यस्तो कार्यले कुन-कुन कानुनी दायित्व र उत्तरदायित्व सिर्जना गर्छ भन्ने विषयमा पनि विस्तृत रूपमा चर्चा गरिएको छ । यस लेखको उद्देश्य प्रहरी र नागरिकबीच द्वन्द्व सिर्जना गर्नु होइन; बरु कानुनले दिएको अधिकार र राज्यका निकायले पालना गर्नुपर्ने सीमालाई स्पष्ट गर्दै पारदर्शी, उत्तरदायी र विधिको शासनमा आधारित प्रहरी र नागरिक सम्बन्धको प्रवर्द्धन गर्नु हो । नागरिकको क्यामेरा लोकतन्त्रको शत्रु होइन, जवाफदेहिताको आधार हो भन्ने विषयको बोध प्रहरीले समेत राख्नुपर्ने देखिन्छ ।

**नागरिकले प्रहरीलाई रेकर्ड गर्ने अधिकारको संवैधानिक तथा कानुनी आधार**

नेपालको संविधान, प्रचलित कानुन तथा लोकतान्त्रिक शासन व्यवस्थाका आधारभूत सिद्धान्तहरूको समग्र अध्ययन गर्दा सार्वजनिक स्थानमा आफ्नो सार्वजनिक कर्तव्य निर्वाह गरिरहेको प्रहरीको कामकारबाही नागरिकले रेकर्ड गर्न पाउने अधिकारलाई निषेध गर्ने कुनै स्पष्ट कानुनी व्यवस्था भेटिँदैन । बरु संविधानद्वारा प्रत्याभूत अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, सार्वजनिक जवाफदेहिता तथा प्रमाण सङ्कलन गर्ने अधिकारको समग्र व्याख्याबाट यस्तो रेकर्डिङ संविधानसम्मत अधिकारका रूपमा स्थापित हुन्छ ।

नेपालको संविधानको धारा १७(२)(क) ले प्रत्येक नागरिकलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको हक प्रत्याभूत गरेको छ । आधुनिक लोकतान्त्रिक समाजमा अभिव्यक्ति स्वतन्त्रता भनेको विचार व्यक्त गर्ने अधिकारमा मात्र सीमित हुँदैन; यसमा सार्वजनिक सरोकारका विषयमा सूचना सङ्कलन गर्ने, तथ्य अभिलेखीकरण गर्ने तथा प्राप्त सूचनालाई सार्वजनिक गर्न सक्ने स्वतन्त्रतासमेत समावेश हुन्छ । सार्वजनिक स्थानमा प्रहरीद्वारा गरिएका कामकारबाहीको भिडियो वा अडियो रेकर्डिङ पनि यही अभिव्यक्ति स्वतन्त्रताको व्यावहारिक प्रयोगको एक माध्यम हो ।

यस सन्दर्भमा संयुक्त राज्य अमेरिकाको संवैधानिक अभ्यास उल्लेखनीय छ । त्यहाँ सार्वजनिक स्थानमा प्रहरीलाई रेकर्ड गर्ने अधिकारलाई पहिलो संशोधनअन्तर्गत प्रत्याभूत अभिव्यक्ति स्वतन्त्रता तथा प्रेस स्वतन्त्रताको अभिन्न अङ्गका रूपमा स्वीकार गरिएको छ । अमेरिकी अदालतहरूले सरकारका गतिविधिबारे सूचना सङ्कलन गर्ने नागरिकको अधिकार लोकतन्त्रको आधारभूत तत्त्व भएको स्पष्ट गरेका छन् ।

विशेषतः ग्लिक विरुद्ध कनिफ मुद्दामा अदालतले सार्वजनिक स्थानमा प्रहरीले गरिरहेको पक्राउ प्रक्रियाको भिडियो रेकर्ड गर्ने नागरिक र समाचार सङ्कलन गरिरहेका पत्रकारबीच संवैधानिक अधिकारका दृष्टिले कुनै भिन्नता नरहने उल्लेख गर्दै, सरकारका अधिकारीहरूको गतिविधिसम्बन्धी सूचना सङ्कलन गर्नु लोकतान्त्रिक शासन व्यवस्थाको आधारभूत संवैधानिक अधिकार भएको व्याख्या गरेको थियो । यद्यपि उक्त निर्णय नेपालमा प्रत्यक्ष रूपमा बाध्यकारी नजिर होइन, तर यसमा गरिएको सैद्धान्तिक व्याख्या नेपालको संविधानको धारा १२६(१) को मर्मअनुरूप मार्गनिर्देशक सिद्धान्तका रूपमा सान्दर्भिक हुन सक्छ । अभिव्यक्ति स्वतन्त्रताको आधुनिक संवैधानिक व्याख्या बुझ्न यसले महत्त्वपूर्ण तुलनात्मक मार्गदर्शनसमेत प्रदान गर्दछ ।

नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई सूचनाको हकको प्रत्याभूति गरेको छ । प्रहरी सार्वजनिक निकायका रूपमा सार्वजनिक अधिकारको प्रयोग गरिरहेको अवस्थामा उसको कार्यसम्पादन पनि सार्वजनिक चासोको विषय हुन्छ । यदि प्रहरीको कार्य कानुनविपरीत, मनपरी वा अधिकारको दुरुपयोगपूर्ण छ भने त्यससम्बन्धी तथ्य अभिलेखीकरण गर्नु, सम्बन्धित निकायसमक्ष उजुरी गर्नु वा सार्वजनिक बहसका लागि प्रस्तुत गर्नु सूचनाको हक तथा सार्वजनिक उत्तरदायित्वको अवधारणासँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय हो ।

प्रचलित कानुनहरूको अध्ययन गर्दा पनि नागरिकलाई प्रहरीको सार्वजनिक कार्य रेकर्ड गर्न पूर्वअनुमति लिनैपर्ने वा रेकर्ड गर्नै नपाइने भन्ने कुनै स्पष्ट निषेधात्मक व्यवस्था भेटिँदैन । उदाहरणका लागि, मुलुकी अपराध संहिता, २०७४ को दफा २९५ ले कुनै व्यक्तिको सहमतिबिना तस्बिर खिच्ने वा तस्बिरको स्वरूप बिगार्ने सम्बन्धमा व्यवस्था गरेको छ । तर उक्त व्यवस्थाले सार्वजनिक स्थानमा सार्वजनिक कर्तव्य निर्वाह गरिरहेको प्रहरीको भिडियो रेकर्डिङ गर्न पूर्वअनुमति अनिवार्य हुने वा त्यस्तो रेकर्डिङ नै निषेध हुने भनी कतै उल्लेख गरेको छैन । फौजदारी कानुनको व्याख्या सधैँ कडा सिद्धान्तका आधारमा गरिन्छ । अर्थात्, कुनै कार्यलाई अपराध मान्न त्यसबारे कानुनमा स्पष्ट निषेध हुनुपर्छ; अनुमान वा विस्तारित व्याख्याका आधारमा कुनै नागरिकको स्वतन्त्रतालाई सीमित गर्न मिल्दैन ।

त्यसैगरी, व्यक्तिगत गोपनीयतासम्बन्धी ऐन, २०७५ ले पनि सार्वजनिक स्थानमा आफ्नो कानुनी कर्तव्य निर्वाह गरिरहेको प्रहरीको रेकर्ड गर्न पूर्वअनुमति लिनैपर्ने वा त्यस्तो रेकर्डिङ पूर्ण रूपमा निषेध हुने व्यवस्था गरेको देखिँदैन । व्यक्तिगत गोपनीयताको अधिकार र सार्वजनिक उत्तरदायित्वबीच सन्तुलन कायम गर्नुपर्ने हुन्छ । सार्वजनिक पदमा रहेका अधिकारीहरूले सार्वजनिक रूपमा आफ्नो अधिकार प्रयोग गरिरहेका बेला उनीहरूलाई निजी व्यक्तिसरह गोपनीयताको दाबी गर्न सकिने अवस्था रहँदैन ।

यसका अतिरिक्त, नेपाल प्रहरी ऐनका कानुनी व्यवस्थाहरूले प्रहरीलाई ऐनले स्पष्ट रूपमा प्रदान गरेका अधिकार मात्र प्रयोग गर्न सक्ने व्यवस्था गरेका छन् । अर्थात् प्रहरीको प्रत्येक कार्यको कानुनी आधार हुनुपर्छ । तर नेपालको कुनै कानुनले प्रहरीलाई नागरिकले गरिरहेको भिडियो रेकर्डिङ रोक्ने, मोबाइल खोस्ने, पूर्वअनुमति माग्ने वा रेकर्डिङ सामग्री मेटाउन बाध्य पार्ने अधिकार प्रदान गरेको देखिँदैन । त्यसैले यस्ता कार्यहरूलाई कानुनबाट स्पष्ट अधिकार प्राप्त नभएसम्म वैध प्रशासनिक शक्ति मान्न सकिँदैन ।

# सुकुम्वासी पुनर्स्थापनाबारे चार दलले गरे जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता

❑ कांक्रेविहार संवाददाता

काठमाडौं, ३१ असार

विपक्षी दलले प्रतिनिधि सभा बैठकमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गरेका छन् ।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको संरक्षण र दिगो पुनर्स्थापनासम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गरेका हुन् ।

प्रस्तावको समर्थकमा एमाले प्रमुख सचेतक ऐन मगर, नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल र श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आरेन राई छन् ।

नेपालको संविधानले प्रत्याभूत गरेको सम्मानपूर्वक बाँच्न पाउने हक, उपयुक्त आवासको हक र सुकुम्वासी तथा भूमिहीन दलितको मौलिक हक कार्यान्वयन गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराइएको छ ।



उनीहरूले डोजर, स्थानान्तरण वा बाढीबाट भएको सम्पूर्ण क्षतिको स्वतन्त्र मूल्याङ्कन गरी वास्तविक क्षतिपूर्ति दिन र प्रभावित समुदायको सहभागितामा तीन महिनाभित्र जग्गा, सामाजिक आवास, भाडा सहायता वा सुरक्षित पुनर्वाससहितको स्थायी योजना ल्याउन माग गरेका छन् ।

सरकारले गरेको प्रतिबद्धता तथा प्रचलित कानुनबमोजिम वास्तविक भूमिहीन, भूमिहीन दलित र योग्य सुकुम्वासीको पहिचान तथा प्रमाणीकरण शीघ्र सम्पन्न गरी निश्चित समय सीमाभित्र जग्गाधनी लालपुर्जा वितरण गर्न माग गरेका छन् ।

## सवारी...

प्रावधानलाई स्मरण गराउँदै करयोग्य आय आर्जन गर्ने सबै व्यक्ति करको दायरामा आउनुपर्ने स्पष्ट पारेको छ । भाडाका सवारी वा ढुवानीका साधनमा काम गर्ने जनशक्तिलाई पारिश्रमिक भुक्तानी गर्दा सम्बन्धित सवारी धनी वा निकायले नियमानुसार कर कट्टी गरी सरकारी ढुकुटीमा दाखिला गर्नुपर्ने कानुनी व्यवस्था छ ।

सवारी धनीहरूले आफ्ना कामदारलाई पारिश्रमिक दिँदा नियमअनुसार कर कट्टी गरे/नगरेको यकिन नभएको पाइएपछि विभागले यो कदम चालेको छ । हाल धेरैजसो यातायात मजदुरहरू करको दायरा बाहिर रहेको र उनीहरूलाई प्रदान गरिने पारिश्रमिकको आधिकारिक अभिलेख नहुने गरेको भन्दै विभागले कडाइ गर्न लागेको जनाएको छ । आन्तरिक राजस्व विभागले यातायात व्यवस्था कार्यालयहरूलाई दिएको निर्देशन अनुसार अब सवारी धनीले आफ्ना सवारीमा काम गर्ने चालक, सहचालक र सहयोगीको पारिश्रमिक विवरण पेस गर्नुपर्नेछ । त्यस्तै, उक्त पारिश्रमिकबाट काटिएको कर सरकारी राजस्व खातामा जम्मा गरेको प्रमाण बुझाउनुपर्ने भएको छ । यो प्रमाण पेस नगरेसम्म सवारी साधनको दर्ता वा नवीकरण प्रक्रिया अगाडि नबढ्ने गरी व्यवस्था मिलाउन विभागले अनुरोध गरेको छ । कर असुलीलाई प्रभावकारी बनाउन र सबै क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा समेट्न यस्तो निर्णय गरिएको विभागले जनाएको छ ।

## प्रदेशमा...

साझेदार एमालेले असन्तुष्टि जनाउँदै खर्च कटौती प्रस्ताव दर्ता गरेपछि दुई दलबीचको सम्बन्ध चिसिएको थियो । बजेटमाथि विवाद चर्किएपछि मुख्यमन्त्री कमलबहादुर शाहले एमालेका चार मन्त्रीलाई बर्खास्त गरे । त्यसपछि कांग्रेसले प्रदेश तहमा एमालेसँगको सहकार्य नै अन्त्य गर्ने निर्णयमा पुगेको हो ।

कांग्रेस स्रोतका अनुसार कर्णाली र सुदूरपश्चिममा देखिएको राजनीतिक विवाद, बजेट कार्यान्वयनमा उत्पन्न अविश्वास तथा सत्ता साझेदारबीच समन्वय अभावका कारण प्रदेश सरकारमा एमालेसँगको गठबन्धन निरन्तरता दिन नसकिने निष्कर्ष निकालिएको हो ।

# सहकारीमार्फत चार करोड ७० लाखको खसी बिक्री

काँक्रेविहार संवाददाता
सल्यान, ३१ असार

जिल्लाको त्रिवेणी गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/८३ मा करिब चार करोड ७० लाख ९७ हजार पाँच सय ८९ रुपैयाँ बराबरका खसी निकासी भएका छन्।



गाउँपालिकाले सञ्चालन गरेको कृषि उत्पादन बजारीकरण अनुदान कार्यक्रम अन्तर्गत पाँच वटा सहकारी संस्थामार्फत ९८ हजार २३ केजी तौलका दुई हजार पाँच सय ८० वटा खसी बिक्री गरिएको हो।

गाउँपालिका पशु शाखा प्रमुख बसन्त रावतका अनुसार उक्त कार्यक्रममार्फत गाउँपालिकाका आठ सय ७८ जना कृषक प्रत्यक्ष लाभान्वित भएका छन्।

सहकारीमार्फत खसी बिक्री हुँदा कृषकले उत्पादनको सुनिश्चित बजार पाउनुका साथै उचित मूल्यसमेत प्राप्त गरेका छन्। सबैभन्दा बढी कारोबार त्रिवेणी गाउँपालिका छ मा रहेको बिवेणी व्यवसाय सहकारी संस्थाले गरेको छ।

उक्त सहकारीले एक करोड ५९ लाख ६८ हजार पाँच सय ८८ रुपैयाँ बराबरका खसी बिक्री गरेको जनाएको छ। त्यसैगरी दुर्गा भवानी सामाजिक उद्यमी महिला सहकारी संस्थाले एक करोड ७० लाख ५२ हजार नौ सय ४६ रुपैयाँ, नमुना सामाजिक उद्यमी महिला सहकारी संस्थाले ६२ लाख आठ हजार चार सय ५७ रुपैयाँ, उपहार उद्यमी महिला सहकारी संस्थाले ५५ लाख २१ हजार दुई सय ७५ रुपैयाँ तथा त्रिवेणी साना किसान सहकारी संस्थाले १३ लाख ४६ हजार तिन सय २० रुपैयाँ बराबरका खसी बिक्री गरेका छन्।

शृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकाले बिक्री भएका खसीमा प्रतिकिलो १२ रुपैयाँका दरले नौ लाख ३३ हजार पाँच सय १६ रुपैयाँ अनुदान उपलब्ध गराएको छ। यस्तै, व्यवस्थापन खर्चबापत प्रतिकिलो ५० पैसाका दरले ३८ हजार आठ सय ९६ रुपैयाँ खर्च गरिएको छ।

यस कार्यक्रमका लागि गाउँपालिकाले कुल नौ लाख ७२ हजार चार सय १२ रुपैयाँ बजेट खर्च गरेको पशु शाखाले जनाएको छ।

पशु शाखा प्रमुख रावतका अनुसार सहकारीमार्फत बिक्री प्रणाली अपनाउँदा बजार व्यवस्थापन प्रभावकारी बनेको, कृषकले उत्पादनको उचित मूल्य पाएको तथा बिचौलियाको प्रभावसमेत न्यून भएको छ । यसले स्थानीय स्तरमा व्यावसायिक बाख्रापालनलाई थप प्रोत्साहन गरेको उनको भनाइ छ।

गाउँपालिका अध्यक्ष खिमबहादुर रावतले कृषि तथा पशुपालनलाई गाउँपालिकाको आयआर्जनको प्रमुख आधारका रूपमा विकास गर्ने नीतिअनुसार बजारीकरण अनुदान कार्यक्रम सञ्चालन गरिएको बताए।

उनका अनुसार यस कार्यक्रमले व्यावसायिक बाख्रापालन विस्तार गर्न उल्लेखनीय योगदान पुऱ्याएको छ।

आगामी वर्षहरूमा पनि कृषकलाई उत्पादन, बजारीकरण र अनुदानमार्फत थप सहयोग गर्ने नीति गाउँपालिकाले निरन्तर अघि बढाउने उनले बताए।

# नौ वर्ष पछि आफ्नै भवनबाट सेवा दिँदै छेडागाड

काँक्रेविहार संवाददाता
जाजरकोट, ३१ असार



छेडागाड नगरपालिकाले स्थापना भएको नौ वर्षपछि आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह सुरु गरेको छ।

हालसम्म भाडाका विभिन्न भवनबाट सेवा सञ्चालन गर्दै आएको नगरपालिकाले नयाँ प्रशासकीय भवन निर्माण सम्पन्न भएपछि सबै सेवा एउटै भवनबाट सञ्चालनमा ल्याएको हो।

नगरपालिकाको चारतले, ३० कोठे आधुनिक प्रशासनिक भवन निर्माण सम्पन्न भई निर्माण व्यवसायीले हस्तान्तरण गरेपछि शुक्रबारदेखि औपचारिक रूपमा सेवा सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ।

नवनिर्मित भवनको उद्घाटन नगरप्रमुख रत्नबहादुर खड्काले गरेका हुन्।

स्थानीय तह स्थापना भएदेखि नै आफ्नै प्रशासनिक भवन नहुँदा नगरपालिकाले विभिन्न स्थानमा घर भाडामा लिएर सेवा सञ्चालन गर्दै आएको थियो। यसका कारण सेवाग्राही र कर्मचारी दुवैले सास्ती खेप्नुका साथै वार्षिक रूपमा ठूलो रकम घरभाडामा खर्च हुँदै आएको थियो।

पहिलो स्थानीय तह निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिले प्रशासकीय भवन निर्माणस्थल टुंग्याउन नसक्दा निर्माण कार्य केही वर्ष ढिलो भएको थियो।

पछि छेडागाड नगरपालिका-चखेलीमा भवन निर्माणका लागि प्रक्रिया अघि बढाइएको थियो। २०८० माघमा भवन निर्माण सम्झौता भएपछि निर्माण कार्य सुरु भएको थियो।

निर्माण व्यवसायी मानबहादुर खड्काले तोकिएको समयमै भवन निर्माण सम्पन्न गरी नगरपालिकालाई हस्तान्तरण गरेको बताए। उनका अनुसार संघ, प्रदेश र स्थानीय सरकारको समन्वय तथा सहयोगमा भवन निर्माण सम्पन्न भएको हो।

नगरप्रमुख रत्नबहादुर खड्काले अत्याधुनिक प्रशासनिक भवन सञ्चालनमा आएपछि नगरपालिकाका सबै शाखाबाट प्रदान गरिने सेवा अब एउटै स्थानबाट सहज, प्रभावकारी र गुणस्तरीय रूपमा उपलब्ध हुने बताए। उनले अब घरभाडामा खर्च हुने बजेट विकास निर्माण र सेवा सुधारमा उपयोग गर्न सकिने उल्लेख गरे।

जाजरकोटका सात स्थानीय तहमध्ये छेडागाड नगरपालिका आफ्नै प्रशासनिक भवनबाट सेवा सञ्चालन गर्ने स्थानीय तहको सूचीमा थपिएको छ। यद्यपि जुनीचाँदे गाउँपालिकामा केन्द्र विवादका कारण अझै पनि भाडाका भवनबाटै सेवा प्रवाह भइरहेको छ।

# सिँचाइ र तटबन्धन निर्माणले किसानलाई राहत



काँक्रेविहार संवाददाता
जुम्ला, ३१ असार

सिँचाइ सुविधा र व्यवस्थित तटबन्धनको अभावमा खेतीयोग्य जमिन बाँझिने तथा क्षयीकरण हुने समस्या झेलिरहेका जुम्लाका किसानले पछिल्लो समय राहत महसुस गर्न थालेका छन्।

२०७९ सालको बाढी पहिरोले जिल्लाका सयौँ सिँचाइ कुलोमा क्षति पुऱ्याएपछि प्रभावित बनेको कृषि क्षेत्रलाई पुनःस्थापित गर्न तातोपानी गाउँपालिकाले विभिन्न योजना सञ्चालन गरेको हो।

बाढीका कारण तातोपानी गाउँपालिकाका आठ वटै वडाको कृषि क्षेत्रमा क्षति पुगेको थियो। सिँचाइ कुलो भत्किनु र नदी कटानका कारण खेतीयोग्य जमिन जोखिममा परेको थियो।

गाउँपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजनाको सहकार्यमा सिँचाइ कुलो, तटबन्धन, मुहान संरक्षण तथा बायो इन्जिनियरिङका काम भएपछि किसानलाई खेती गर्न सहज भएको छ।

तातोपानी गाउँपालिका छ रावतबाडाका किसान भीमबहादुर कामीले सिँचाइ कुलो र तटबन्धन निर्माणपछि धान रोपाइँ गर्न सहज भएको बताए। उनका अनुसार बाढीले क्षति पुऱ्याएका कुलो पुनर्निर्माण भएपछि रावतबाडा, खंकबाडा र धौलापानीका किसान लाभान्वित भएका छन्।

लक परियोजनाले तातोपानीमा पाँच वटा योजना निर्माण गरेको जनाएको छ। ती योजनामा कुल ६२ लाख ५० हजार रुपैयाँभन्दा बढी लगानी भएको छ। धौलापानी सिँचाइ योजना, रामिजिउलो तटबन्धन, बाटाघट्ट तटबन्धन, पानीखोला मुहान संरक्षण र मार्सी जिउलो संरक्षणका काम सम्पन्न भएका छन्।

परियोजनाका अनुसार यी योजनाबाट करिब सात सय एक जना किसान प्रत्यक्ष लाभान्वित भएका छन्। तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै सिँचाइ विस्तार, तटबन्धन र मुहान संरक्षणका कार्यक्रमलाई निरन्तरता दिइने बताए।

# डोल्पामा नयाँ जिल्ला दररेट स्वीकृत

काँक्रेविहार संवाददाता
डोल्पा, ३१ असार

जिल्लामा आर्थिक वर्ष २०८३/०८४ का लागि लागू हुने ज्याला, निर्माण सामग्री, ढुवानी, कृषि उत्पादन, पशुपन्छी तथा बिउबिजनको नयाँ जिल्ला दररेट स्वीकृत गरिएको छ।




प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालको अध्यक्षतामा बसेको जिल्ला दररेट निर्धारण समितिको बैठकले सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार नयाँ दररेट पारित गरेको हो।

समितिले जिल्लालाई माथिल्लो र तल्लो क्षेत्रमा विभाजन गरी कामदारको ज्याला निर्धारण गरेको छ। डोल्पो बुद्ध, शे-फोक्सुण्डो र छार्काताङसोङ गाउँपालिकालाई माथिल्लो क्षेत्र तथा अन्य स्थानीय तहलाई तल्लो क्षेत्र कायम गरिएको छ।

स्वीकृत दरअनुसार कुशल तथा अदक्ष कामदारको दैनिक ज्याला तल्लो क्षेत्रमा एक हजार पाँच सय ५५ रुपैयाँ र माथिल्लो क्षेत्रमा एक हजार नौ सय ५५ रुपैयाँ तोकिएको छ। त्यस्तै, अर्धदक्ष, दक्ष कामदार, सिकर्मी, डकर्मी, प्लम्बर, पेन्टर, सुपरभाइजर, इलेक्ट्रिसियन तथा कालिगढको ज्यालासमेत नयाँ दररेटमा समावेश गरिएको छ।

निर्माण सामग्रीतर्फ स्लेट, बाँस, सिमेन्ट, बालुवा, ढुंगा, चुना लगायत सामग्रीको मूल्य निर्धारण गरिएको छ। ढुवानीतर्फ सानो गोटालोको दैनिक ज्याला एक हजार तिन सय ७० रुपैयाँ, ठूलो गोटालोको नौ हजार तिन सय ७० रुपैयाँ कायम गरिएको छ। त्यस्तै, माटो उत्खनन र ग्राभेलको मूल्य पनि तोकिएको छ। समितिले पशुपन्छी तथा कृषि उत्पादनको समेत मूल्य निर्धारण गरेको छ। गाई, भैंसी, चौंरी, खच्चड, बोका, च्याङ्ग्रा, भेडा, कुखुरा, अण्डा, दूध, ऊन लगायतका उत्पादनको मूल्य तोकिएको छ।

कृषितर्फ स्याउ, सुन्तला, किवी, अतिस, केशर, मह तथा मौरीघार लगायत सामग्रीको दररेट निर्धारण गरिएको छ। जिल्ला बाहिरबाट ल्याइने निर्माण सामग्रीमा सुर्खेत र दैलेख जिल्लाको स्वीकृत दरमा ढुवानी खर्च थप गरी लागत कायम गर्ने तथा स्थानीय निर्माण सामग्रीमा रोयल्टीसहितको दर लागू गर्ने निर्णय गरिएको छ।

जिल्ला दररेट निर्धारण समितिले स्वीकृत गरेको नयाँ दररेट आर्थिक वर्ष २०८३/०८४ भर सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायहरूले लागत अनुमान, खरिद प्रक्रिया र विकास निर्माणका काममा अनिवार्य रूपमा प्रयोग गर्नुपर्नेछ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

# सुर्खेतमै पाँच वर्षको अवधिमा नौ जनाको सफल मिर्गौला प्रत्यारोपण

*प्रदेश अस्पतालले मिर्गौला प्रत्यारोपणका लागि प्रतिबिरामी तीन लाख रुपैयाँ सहयोग गर्दै आएको छ।*



❑ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ३१ असार

प्रदेश अस्पताल सुर्खेतमा पछिल्लो पाँच वर्षको अवधिमा नौ जनाको सफल मिर्गौला प्रत्यारोपण गरिएको छ। काठमाडौँ स्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रसँग २०७८ चैत १० गते सम्झौता गरी प्रदेश अस्पतालले मिर्गौला प्रत्यारोपण सेवा सञ्चालन गर्दै आएको हो।

अस्पतालका अनुसार पछिल्लो पटक असार २३ गते दुई जनाको सफल मिर्गौला प्रत्यारोपण गरिएको छ। सुर्खेत वीरेन्द्रनगर नगरपालिका छ का शिवराज गुइँदेल र कञ्चनपुरको बेलौरी नगरपालिका पाँचका अजय चौधरीको मिर्गौला प्रत्यारोपण गरिएको हो।

प्रत्यारोपणमा सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका विशेषज्ञ चिकित्सकसहितको टोली सहभागी भएको थियो। टोलीमा डा. दिपेश श्रेष्ठ, डा. शोभित थापा, डा. रुवसनाथ योगी, डा. रोजन अधिकारीलगायतका चिकित्सक रहेका थिए।

प्रदेश अस्पतालले पत्रकार सम्मेलनमार्फत मिर्गौला प्रत्यारोपण सेवा निरन्तर सफल रूपमा सञ्चालन भइरहेको जानकारी दिएको छ। अस्पतालका विशेषज्ञ चिकित्सक डा. विकास खड्काले पछिल्लो प्रत्यारोपणमा अधिकांश जनशक्ति प्रदेश अस्पतालकै परिचालन भएको बताए।

विगतमा प्रत्यारोपणका लागि केन्द्रबाट करिब ३० जनाको टोली आउने गरेको भए पनि पछिल्लो पटक सात जना मात्रै आएको र बाँकी काम प्रदेश अस्पतालकै चिकित्सक तथा स्वास्थ्यकर्मीले सम्हालेको उनले जानकारी दिए।

प्रदेश अस्पतालका निर्देशक डा. गणेश थापाले मिर्गौला प्रत्यारोपण सेवा स्थानीय स्तरमै उपलब्ध हुँदा बिरामीको आर्थिक भार कम भएको बताए।

उनले अस्पतालले आवश्यक जनशक्ति विकास गर्दै आगामी दिनमा पनि सेवा विस्तार गर्ने तयारी गरिरहेको जानकारी दिए।

मिर्गौला प्रत्यारोपण गरेका बिरामीहरूले आफ्नै जिल्लामा उपचार पाउँदा ठूलो राहत मिलेको बताएका छन्। पृथ्वी चौधरीले लामो समय विभिन्न स्थानमा उपचार गरेपछि सुर्खेतमै सफल प्रत्यारोपण भएको बताए। त्यस्तै शिवराज गुइँदेलकी श्रीमती रिता परियारले यसअघि भारत र काठमाडौँसम्म उपचारका लागि जानुपरे पनि अहिले आफ्नै जिल्लामा निःशुल्क प्रत्यारोपण सेवा पाएको बताइन्।

प्रदेश अस्पतालले मिर्गौला प्रत्यारोपणका लागि प्रतिबिरामी तीन लाख रुपैयाँ सहयोग गर्दै आएको छ। चिकित्सकका अनुसार प्रत्यारोपण प्रक्रियामात्रै आठदेखि १० लाख रुपैयाँसम्म खर्च लाग्ने भएकाले अस्पतालको सहयोगले बिरामीलाई राहत पुगेको छ। अस्पताल प्रशासनले मिर्गौला प्रत्यारोपण सेवालाई आगामी दिनमा पनि निरन्तरता दिँदै थप प्रभावकारी बनाउने जनाएको छ।

# कर्णालीमा चार बृहत् खानेपानी योजना सञ्चालन हुँदै

❑ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ३१ असार



कर्णाली प्रदेशका धेरै बस्ती अझै पनि स्वच्छ तथा पर्याप्त खानेपानीको पहुँचबाट वञ्चित छन्। कतिपय स्थानमा नागरिकले दैनिक उपभोगका लागि समेत घण्टौं समय खर्चेर पानी संकलन गर्नुपर्ने अवस्था छ। यही समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ मा चार वटा बृहत् खानेपानी आयोजना कार्यान्वयन गर्ने भएको छ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा बजेटमार्फत बृहत् खानेपानी आयोजनालाई प्राथमिकतामा राख्दै नौ करोड छ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

आर्थिक मामिला तथा योजना मन्त्री राजीवविक्रम शाहका अनुसार अदानचुली बृहत् खानेपानी योजना, मुलखोला-थरा-कुपिण्डे-पारीगाउँ-काउचे लिफ्ट खानेपानी योजना, चौविस घण्टे जाजरकोट खानेपानी योजना र बनगाड-कुपिण्डे बृहत् खानेपानी योजना आगामी वर्ष कार्यान्वयनमा लैजाने तयारी गरिएको छ।

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका अनुसार योजनाहरूको उद्देश्य नागरिकलाई दीर्घकालीन रूपमा पर्याप्त, सुरक्षित र गुणस्तरीय खानेपानी उपलब्ध गराउनु हो। मन्त्रालयले आवश्यकता र सम्भाव्यताका आधारमा आयोजना छनोट गरी कार्यान्वयन गर्ने नीति लिएको जनाएको छ।

प्रदेश सरकारले यसअघि साना तथा छरिएका खानेपानी आयोजनामा लगानी गर्दै आएको भए पनि ती आयोजना अपेक्षाअनुसार प्रभावकारी र दिगो हुन नसकेपछि अहिले बृहत् आयोजनाको अवधारणा अघि बढाइएको हो।

अब भने प्राविधिक तथा सम्भाव्यता अध्ययनपछि मात्रै नयाँ आयोजना कार्यान्वयन गरिने नीति अपनाइएको छ। यससँगै लामो समयदेखि सञ्चालनमा रहेका पुराना खानेपानी आयोजनाको मर्मत तथा स्तरोन्नति पनि गरिने जनाइएको छ।

चालु आर्थिक वर्षमै अदानचुली, मुलखोला-थरा र कुपिण्डे-पारीगाउँ-काउचे खानेपानी आयोजनाको निर्माण सुरु भइसकेको छ। ती आयोजनाका लागि १७ करोड ३६ लाख रुपैयाँ बजेट विनियोजन गरी बहुवर्षीय ठेक्का प्रक्रियामार्फत काम अघि बढाइएको छ। यस्तै, भेरी नदीबाट पानी लिफ्टिङ गरी वीरेन्द्रनगर उपत्यकामा खानेपानी पुर्‍याउने महत्त्वाकांक्षी भेरी लिफ्टिङ खानेपानी आयोजना पनि प्राथमिकतामा राखिएको छ।

विश्व बैंक, संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा निर्माण हुने यस आयोजनाबाट वीरेन्द्रनगरको लामो समयदेखिको खानेपानी संकट समाधान हुने अपेक्षा गरिएको छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८३/०३/३२**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/१०/१८ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **बितोकु इन्टरनेशनल एजुकेशन कन्सलटेन्सी वी.न.पा-६, सुर्खेत** (**प्रा.लि.नं.** ६२३५३३७२३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **मानाविया नेपाल एजुकेशन कन्सलटेन्सी वी.न.पा-६, सुर्खेतले** स्वीकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)